म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
४ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७५।०७६
चलानी नं. २३६

मिति : २०७५/७/२८

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७२

विषय : CC camera संम्वन्धी विवरण पठाउने बारे ।

श्री वडा कार्यालयहरु, सवै
म्याग्दे गाउँकार्यपालिकाको कार्यालय, तनहुँ ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय तनहुँको च.नं. १८१७ मिति २०७५।७।१५ को पत्र यसैसाथ संलग्न राखी पठाइएको छ,आवस्यक विवरणहरु यथाशिघ्र पठाउनुहुन अनुरोध गरीन्छ ।

वोधार्थ :
श्री सुचना प्रविधि शाखा : वेवसाइटमा UP Load गर्नहुन ।

दयाराम तिवारी
प्रमुख प्रशासकिय अधिकृत

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ
☎ ०६५- ५६०१३३, ५६०१०९
फ्याक्स :- ५६०१०७

पत्र संख्या :-
चलानी नम्बर प्र.०७५।०७६
प्राप्त पत्र संख्या र मिति :- 1076

मिति: २०७५।०७।१५

विषय: सूचना प्रकाशन गरिदिने सम्बन्धमा ।

श्री नगर कार्यपालिकाको कार्यालय सबै, तनहुँ ।

श्री गाउँ कार्यपालिकाको कार्यालय सबै, तनहुँ।

श्री सञ्चार माध्यमहरु सबै, तनहुँ।

प्रस्तुत विषयमा यस कार्यालयवाट मिति २०७५।०७।१५ गते प्रकाशित सार्वजनिक सूचना पाना १ यसैसाथ संलग्न राखी तहांको जानकारी तथा प्रकाशन र प्रसारणको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७५।७।१५

राम प्रसाद ढकाल
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

# सार्वजनिक सूचना

अपराध अनुसन्धान तथा नियन्त्रण गर्ने कार्यमा विद्युतिय उपकरणको प्रभावकारिता बढाई CCTV/Camera को जडान र प्रयोगलाई प्रोत्साहन तथा व्यवस्थापन गर्ने उद्देश्यले गृह मन्त्रालय द्वारा मिति २०७२।०७।२५ मा CCTV/Camera जडान तथा सञ्चालन सम्बन्धी कार्यविधी, २०७२ जारी भै कार्यान्वयमा आईरहेको व्यहोरा सबैमा सूचित गरिन्छ।

CCTV/Camera जडान तथा सञ्चालन सम्बन्धी कार्यविधी, २०७२ अनुसार CCTV जडान गर्न अनिवार्य अनुमती लिनुपर्ने व्यवस्था गरिएको छ। यस तनहुँ जिल्लाभित्र अनुमती नलिई सार्वजनिक, व्यापारिक वा निजी प्रयोजनको लागि CCTV/Camera जडान गरी सञ्चालन गर्ने व्यक्ति, संघ संस्था वा कार्यालयहरुले १५ दिनभित्र आफूले जडान र सञ्चालन गरेका CCTV/Camera सम्बन्धी विवरण अनिवार्य रुपमा यस कार्यालयमा पेश गरी अनुमती लिनुहुन सूचित गरिन्छ। सो अवधिभित्र अनुमती नलिने र अब उप्रान्त उक्त कार्यविधी विपरित CCTV/Camera जडान गरी सञ्चालन गर्ने व्यक्ति, संघ संस्था वा कार्यालयलाई विद्युतिय कारोवार ऐन २०६३ बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना द्वारा सूचित गरिन्छ।

मितिः २०७५।०७।१५ गते।

सहायक प्रमुख जिल्ला अधिकारी

तुलसीराम पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय तनहुं